# सहायता कहाँ पाउने

तपों लाई यद्ध आफू पैसा म्युल्झङको झकार भएको जस्तो लाग्छ भनें तिँपों ले www.cyber.gov.au मा रहेको खबर (Report) गर्नाबटन प्रयोग गरी तुहु न्तै प्रहरीलाई जानकारी ह्नुपर्छ।

# सहायताका लागि अन्य स्रोतहरू

**स्थानीय प्रहरी**
१३१ ४४४

**तीनवटा शुन्य**
जीवन जोखमपूर्ण रहेको आपतकालीन अवव्यामा
०००

**Australian Federal Police (अष्ट्रेलियाली संघीय प्रहरी)**
www.afp.gov.au

**CrimeStoppers (क्राइमस्टपर्स)**
**अज्ञात रूपमा खबर गर्नुहोस्**
१८०० ३३३ ०००
crimestoppers.com.au

**सामाजिक सञ्जाल**
तपों ले पोस्ट देख्नुभएको सामाझक सञ्जालको मंचमा यो घोटाला हो भनेर खबर गर्नुहोस्।

**IDCARE (आई.डी.केयर)**
National identity and cyber support service
रिँझ्या पञ्चान र साइबर सहायता सेवा

www.idcare.org

**तपाईंको बैंक**
तपों को बैंक वा झट्टीय संव्यालाई तुहु न्तै सन्डर्क गर्नुहोस्

**Scamwatch**
घोटालाहु मा पञ्च खबर गर्न सञ्चन्छ।
scamwatch.gov.au

**Lifeline (लाइफलाइन)**
संकट सहायता लाइन
१३ ११ १४

AFP | JPC3
JOINT POLICING CYBERCRIME COORDINATION CENTRE

# सतर्क रहनुहोस्

## अपराधीहहु ले झ्रब्धझद्वालयका झद्वाथकुहु लाई लक्षत गझरहेका छन्



यद्ध कसैले तपों लाई भुक्तानी पाउनको लाञ्च तपों को बैंक खाताबाट पैसा लेनदेन गर्न भन्छन् भनें उँनीहहु ले तपों लाई पैसाको म्युल बनाउन लागेका छन्।

# #DontBeAMule

**अपराधीहरूले** व्यक्तिहरूलाई लक्षित गर्दैछन् अनलाइन र व्यक्तिगत रूपमा। उनीहरूलाई आफ्नो बैंक खातामा पैसा पाउन र अर्को खाता वा क्रिप्टोकरेन्सी आदानप्रदान मार्फत पठाउनका लागि भुक्तानीको प्रस्ताव गर्छन्।अपराधीहरू द्वारा चोरीको पैसा अरूको तर्फबाट पठाउनका लागि कसैलाई अनजानमै पनि **पैसाको म्युलको भर्ती गर्दछ**।

लेनदेन गरिएको पैसा अपराधीहरूले प्रायः अन्य गम्भीर अपराधहरू जस्तै **साइबर अपराध, आतंकवाद र मानव बेचबिखन जस्ता गतिविधिहरूमा खर्च गर्न प्रयोग गर्छन्।**

अष्ट्रेलियामा पैसा म्युलिङमा भाग लिनु एक गम्भीर आपराधिक कार्य हो। यदि दोषी ठहरिएमा तपाईंलाई **१२ महिनादेखि आजीवन जेल सजाय हुन सक्छ।**

आपराधिक गतिविधिमा संलग्न हुनुका साथै तपाईं आफ्नो बैंक वा वित्तीय संस्थाका सर्तहरू उल्लङ्घन गर्ने जोखिममा पर्न सक्नुहुन्छ र तपाईंले **आफ्ना बैंक खाताहरूमा** पहुँच गुमाउन सक्नुहुन्छ।

**अपराधीहरूले तपाईंलाई निम्न माध्यम मार्फत सम्पर्क गर्न सक्छन्:**

- ! सामाजिक सञ्जाल (जस्तै फेसबुक, इन्स्टाग्राम, स्न्यापच्याट)
- ! तत्काल सन्देश पठाउने एपहरू (जस्तै व्हाट्सएप, भाइबर, टेलिग्राम)
- ! नक्कली जागिरका प्रस्तावहरू (जस्तै पैसा रकमान्तर गर्ने प्रतिनिधिहरू)
- ! प्रत्यक्ष सम्पर्क, व्यक्तिगत वा इमेल मार्फत अनलाइन पप-अप विज्ञापनहरू

# व्हाट्सएपमा पैसा म्युल-जागिर घोटालाको एउटा उदाहरण:

तपाईंले एक अज्ञात नम्बरबाट तपाईंलाई पैसा रकमान्तर गर्ने प्रतिनिधिको रूपमा काम गर्ने प्रस्ताव गरेको सन्देश प्राप्त गर्नुहुन्छ।




# पैसाको म्युल बनाउने भर्ती घोटालाहरूबाट सुरक्षित रहनुहोस्

## रोक्नुहोस्

- प्रस्ताव पत्याउनै गाह्रो हुने जस्तो छ कि छैन भनेर सोच्न एक क्षण समय निकाल्नुहोस्। सावधान रहनुहोस्।
- छिटो र सजिलै पैसा कमाउने मौका प्रदान गर्ने जागिरका विज्ञापनहरू बारे शङ्का गर्नुहोस्।

## जाँच गर्नुहोस्

- सम्भावित रोजगारदाताबारे उचित अनुसन्धान नगरी कुनै पनि अवसरको लागि साइन अप नगर्नुहोस्। उदाहरणका लागि, के उनीहरूको अनलाइन उपस्थिति छ? के सम्पर्क विवरणहरू वैध छन्? के यो विदेशमा अवस्थित छ?

## अस्वीकार गर्नुहोस्

- ठूला रकमहरू प्रस्ताव गर्ने कुनै पनि अनलाइन पोस्टहरूमा संलग्न नहुनुहोस्।
- तपाईंले नचिनेका मानिसहरूबाट आएका सन्देशका अनुरोधहरू स्वीकार नगर्नुहोस्, र यदि तपाईंलाई एकजना साथीमार्फत सम्पर्क गर्नको लागि अनुरोध भएको सन्देश आयो भने तपाईंले जवाफ पठाउनु अघि उनीहरूसँग व्यक्तिगत रूपमा कुरा गर्नुहोस्।
- बैंक र व्यक्तिगत विवरणहरू आफूले नचिनेको वा विश्वास नगर्ने कसैसँग साझा नगर्नुहोस्, चाहे ती साथीहरू वा परिवारका बीचमै किन नहोस्।
- यदि कसैले तपाईंको खाता चलाउन अधिकार माग्छ भने दिनुहुन्न भन्नुहोस्।
- यदि तपाईंलाई केही कुरा सही भइरहेको छैन जस्तो शंका लाग्छ भने प्रस्ताव अस्वीकार गर्नुहोस्।

## स्वीकार गर्नुहोस्

- प्रतिष्ठित रोजगारीका साइटहरू र दर्ता भएका व्यवसायहरूसँग मात्र कारोबार गर्नुहोस्।

यो सधैं याद राख्नुहोस् कि यदि तपाईं पैसाको स्रोतको बारेमा अनभिज्ञ हुनुहुन्छ भने पनि यो आपराधिक गतिविधिबाट आएको हुन सक्छ। पैसाको म्युल बन्नुको परिणामस्वरूप आपराधिक अभियोगमा पर्ने जोखिम नलिनुहोस्। यदि तपाईं अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्छ भने आपराधिक सजायले तपाईंको विद्यार्थी/प्रवेशाज्ञा योग्यतालाई पनि असर गर्न सक्छ।